## सूचना २

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भागलिन दक्षिण कोरियाको सोल र जापानतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री वासुदेव प्रधानलाई मिति २०४२।६।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

जिल्ला कार्यालय, डोटीका प्र. जि. अ. श्री कौशलदेव जोशी घर बिदामा बस्नुहुने भएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड(ख)ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री गोविन्द खनाललाई मिति २०४२।५।१९ देखि का. मु. मुकरर गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४२।५।२७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प.तृतीय श्रेणी, यस मन्त्रालय वा अन्तर्गत कार्यालयका श्री मनोहर रेग्मीलाई भेरी अञ्चलाधीश कार्यालयको शाखा अधिकृत पदमा पदस्थापना गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।